Nepal Education and Cultural Center (NECC)
(Pashupati-Buddha Mandir)
20520 Beallsville Rd, Beallsville, MD 20839
Established: September 30, 2000
(A Tax-Exempt Organization of Metropolitan Washington, D.C. Area)

सम्पूर्ण दाता तथा समुदायका सहयोगी सदस्यहरु,　　　　　　नोभेम्बर २३, २०१८

नेपाल शिक्षा तथा साँस्कृतिक केन्द्र (एनइसीसी) ले डिसी महानगर क्षेत्रमा शुरु गरेको द्यौसी–भैली कार्यक्रमलाई निरन्तरता दिंदै पाँचौ वर्षमा खेलिएको यस वर्षको कार्यक्रमबाट एक लाख सो¥ह हजार (११६,०००.००) अमेरिकी डलर दान सहयोग संकलन गरि ऐतिहासिक रुपबाट सपन्न गर्न सफल भएको छ ।

नोभेम्बर ३, ४, १०, ११, १७ र १८ गरि जम्मा ६ दिन (लगातार ३ वटा सप्ताहन्त) खेलिएको द्यौसी–भैली कार्यक्रम वासिङ्गटन डिसी, भर्जिनिया र मेरिलैण्ड राज्यका विभिन्न २२ स्थानहरुमा सञ्चालन गरिएको थियो । नेपाली समुदायका दोश्रो पुस्ता देखि अघिल्लो पुस्तासम्मको सहभागिता रहेको यस वर्षको उक्त कार्यक्रममा अमेरिका स्थित नेपाली राजदुतावास समेतको साथ र सहयोग प्राप्त भएको थियो ।

द्यौसी भैली मार्फत मन्दिर निर्माणमा सहयोग जुटाउने, नेपाली संस्कृतिलाई समुदायका सदस्यहरुको घर आगनमा पु¥याउने र दोश्रो पुस्ताहरुलाई सकेसम्म सहभागि गराउने साथै यसै मार्फत संस्था र समुदायको सम्वन्ध अझ बलियो बनाउने उद्धेश्य सहित सञ्चालन गरिएको यो कार्यक्रममा यस वर्ष समुदायबाट प्राप्त अपार साथ र सहयोगका लागि एनइसीसी परिवार अत्यन्तै हौसलित भएको छ ।

द्यौसी–भैलो कार्यक्रमलाई आफ्नो घरमा सञ्चालन गर्न स्वागत गर्नुहुने तल उल्लेखित सबै परिवार तथा वहाँहरुका आफन्त सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ । त्यसै गरि आफूले सकेको दान सहयोग गर्नुहुने सम्पूर्ण दाताहरु प्रति एनइसीसी सदा आभारि रहने छ । आफ्नो वार्षिक कार्यक्रममा संस्थागतरुपमा नै निमन्त्रणा गरी द्यौसी–भैलो

कार्यक्रम सञ्चालन गर्न दिइ उल्लेख्य दान सहयोग गर्ने नेपा पासा पुच अमेरिकाय (एनपीपीए) प्रति हामी अत्यन्तै आभारी छौँ र विशेष धन्यवा ज्ञापन गर्दछौँ ।

(यस विवरणमा द्यौसी–भैली खेलिएको स्थानमा उपस्थित दाताहरुबाट उठेको जम्मा रकम मात्र उल्लेख गरिएको छ । प्रत्येक दाताहरुको नाम र वहाँहरुको दान रकम एनइसीसीको अभिलेखमा सुरक्षित छ र निकट भविष्यमा संस्थाको वेभ साइट तथा डेटावेसमा उपलब्ध गराइने छ ।)

आफ्ना सम्पूर्ण कामहरुलाई थाती राखी एनइसीसीको द्यौसी–भैली कार्यक्रमलाई विशेष प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने शान्ति न्यौपाने, गौरी गजुरेल, यशोदा भण्डारी, नारायण खरेल, रामचन्द्र भट्टराइ, सरस्वती पौडेल, विष्णु शीतल, नेत्र घिसिङ्ग, शशी रायमाझी, कमला थापा, अनिल तिमल्सेना, अर्जून घिमिरे, राजकुमार खड्का, आनन्दु लामा, लक्ष्मी शर्मा, प्रतिमा पौडेल, सरला नेपाल, पुष्षा घिमिरे, क्षितिज घिमिरे, दुर्गा सिटौला, रियाना नेपाल लगायत सम्पूर्ण कलाकारहरुको उच्च सम्मान गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ ।

यसै गरि व्यवस्थापन कार्यमा विशेष सहयोग गर्नुहुने खिलेन्द्र न्यौपाने, मधु भण्डारी, सरोज प्रजापति, गोपाल रायमाझी, उमेश निरौला, पञ्च श्रेष्ठ, खिलराज पण्डित तथा चेतन सिटौला लगायत व्यक्तिहरुलाई विशेष आभार सहित धन्यवाद ज्ञापन गर्दछौँ ।

त्यस्तै हरेक वर्ष यस कार्यक्रमका लागि निशुल्करुपमा साउण्ड सिस्टम उपलब्ध गराइरहनु भएका कृष्ण दहाल अनि साउण्ड सिस्टमलाई व्यवस्थापन गर्नुहुने कृष्ण प्रजाप्रति तथा यस वर्ष कलाकारहरुलाई यातायातमा सहज बनाउन किडि एकाडमी अफ एसवर्नको तर्फबाट निशुल्करुपमा बस उपलब्ध गराउनु हुने मधु तथा यशोदा भण्डारी प्रति हार्दिक आभार व्यक्त गर्दछौँ । त्यस्तै एनइसीसीको यो द्यौसी–भैली कार्यक्रमलाई मिडिया मार्फत विश्वभरि पु¥याउन सहयोग गर्नुहुने डिसी नेपाल र यसका प्रतिनिधि

पर्शुराम भण्डारी तथा इनेप्लिज र यसका प्रतिनिधि विश्व थापा लगायत सम्पूर्ण मिडिया हाउस लगायत सञ्चारकर्मिहरुलाई समेत विशेष धन्यवाद ज्ञापन गर्दछौँ ।

सबैको साथ र सहयोगबाट यस वर्षको द्यौसी–भैली कार्यक्रम हरेक कोणबाट विशेष हुन सकेको छ । दोश्रो पुस्ता समेतको दान सहयोगको प्रतिवद्धता प्राप्त हुन सकेको छ । हरेक स्थानमा खेलिएका द्यौसी–भैली कार्यक्रममा साना बालबालिका तथा युवा वर्गको उल्लेख्य सहभागिता रहेको थियो भने ८ वर्षकी कृपा सिटौलाले २५ सेन्ट अ डे मा सहभागि भई ट्रष्टि बन्ने प्रतिवद्धता गरेकी छन् भने १६ वर्षका विजय न्यौपानेले ५० सेन्ट अ डे मा स्वस्फूर्त रुपमा सहभागि भएका छन् । यस कार्यले आउँदा दिनहरुमा आउँदै गरेका पुस्तालाइ उत्प्रेरणा प्रदान गर्ने कुरामा हामी आशावादी छौँ ।

डिसी मेट्रो क्षेत्र बाहिरका राज्य तथा अमेरिका बाहिरबाट हरेक वर्ष मन्दिरलाई दान सहयोग जुटाउने काम शान्ति न्यौपानेले गर्दै आइरहनु भएको छ । यस वर्ष पनि वहाँकै पहलमा अमेरिकाका अन्य राज्यहरु लगायत अमेरिका बाहिरबाट समेत गरि १२,००० अमेरिकी डलर दान प्राप्त भएको छ । एनइसीसीको कुनै पनि प्रत्यक्ष जिम्मेवारी बहन नगरेर पनि वहाँले मन्दिरका लागि निर्वाह गर्नु भएको यस विशेष भूमिकाको लागि एनइसीसी परिवार श्रीमती न्यौपाने प्रति विशेष आभार व्यक्त गर्दछ ।

मन्दिरले सञ्चालन गरेको यस वर्षको द्यौसी भैलाी कार्यक्रमलाई सफल बनाउन प्रत्यक्ष वा परोक्षरुपमा सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ती तथा संघसंस्थाहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ । द्यौसी–भैली कार्यक्रममा उपस्थित हुन नसक्नु भएका तथा मन्दिर निर्माण कार्यमा सहयोग गर्न इच्छुक दाताहरु सबैले जुनसुकै समयमा समेत दान सहयोग गर्न सक्नुहुनेछ । साथै आगामी दिनमा समेत मन्दिरका हरेक गतिविधिहरुमा यहाँहरुको यस्तै सकृय साथ र सहयोग प्राप्त भइरहनेछ भन्ने कुरामा हामी विश्वस्त छौँ ।
धन्यवाद

परशु तिमल्सिना

संयोजक

द्यौसी–भैली कार्यक्रम २०१८

| Deusi-Bhailo Program 2018 | | | | |
|---|---|---|---|---|
| **Venue** | **Amount** | **Cash** | **Check** | **Pledged** |
| Total from Germantown, MD (Nissan & Chetana Basnet's Residence) | $7,352.00 | $386.00 | $365.00 | $6,101.00 |
| Total from Montgomary Village, MD (Ram & Anita Karki's Residence) | $1,738.00 | $910.00 | $365.00 | $463.00 |
| Total from Silverspring, MD (Ghar-E-Kabab Restaurant) | $1,406.00 | $105.00 | $1,301.00 | $0.00 |
| Total from Burtonsville, MD (Shakti & Rakshya Regmi's Residence) | $1,308.00 | $105.00 | $1,203.00 | $0.00 |
| Total from Clarksburg, MD (Yograj & Prapti Khanal's Residence) | $1,728.00 | $67.00 | $0.00 | $1,661.00 |
| Total from Gaithersburg, MD (Umesh & Shova Sharma's Residence) | $2,964.00 | $150.00 | $501.00 | $2,313.00 |
| Total from Neapli Ambassador's Residence, DC | $2,050.00 | $0.00 | $0.00 | $2,050.00 |
| Total from Gainsville, VA (Govinda & Mandira Mainali's Residence) | $1,227.00 | $0.00 | $1,227.00 | $0.00 |
| Total from Gaithersburg, MD ( Curry Place Restaurant) | $2,404.00 | $301.00 | $0.00 | $2,103.00 |
| Total from Germantown, MD (Purushottam & Saraswati Shrestha's Resid | $1,413.00 | $185.00 | $777.00 | $0.00 |
| Total from Gaithersburg, MD (Sushil & Sunita Regmi's Residence) | $1,443.00 | $342.00 | $101.00 | $1,000.00 |
| Total from Lorton, VA ( Ram C & Nilu Kharel's Residence) | $3,874.00 | $71.00 | $803.00 | $3,000.00 |
| Total from Greatfalls, VA ( Dr. Madan & Anamika Uprety's Residence) | $6,079.00 | $254.00 | $866.00 | $4,959.00 |
| Total from Herndon, VA ( Narayan & Sabina Poudel's Residence) | $1,819.00 | $268.00 | $1,551.00 | $0.00 |
| Total from Chantilly, VA (Prashanna & Sushila Sangraula's Residence) | $2,164.00 | $146.00 | $0.00 | $2,018.00 |
| Total from Fairfax, VA (Dr. Sheel & Bandita Dahal's Residence) | $2,716.00 | $115.00 | $2,601.00 | $0.00 |
| Total from Falls Church, VA (Arjun & Radha Dahal's Residence) | $1,057.00 | $1,057.00 | $0.00 | $0.00 |
| Total from Woodbridge, VA (Janak & Urmila Adhikari's Residence) | $1,407.00 | $542.00 | $0.00 | $365.00 |
| Total from Southriding, VA (Krishna & Bandana Dahal's Residence) | $7,113.00 | $668.00 | $1,552.00 | $4,893.00 |
| Total from Ashburn, VA ( Kiddie Academy) | $2,374.00 | $157.00 | $2,116.00 | $101.00 |
| Total from NPPA 27th Anniversary & Nepal Sambat 1139 Program | $34,001.00 | $100.00 | $10,806.00 | $23,095.00 |
| Total from Frederick, MD (Nabin & Sarala Nepal's Residence) | $28,363.00 | $1,574.00 | $7,330.00 | $19,459.00 |
| **Grand Total** | **$116,000.00** | **$7,503.00** | **$33,465.00** | **$73,581.00** |